## निर्णयहरु:

१. निजामती सेवा दिवस, २०७६ देशव्यापी रुपमा भव्यताका साथ मनाउने ।

२. निजामती सेवा दिवस, २०७६ मनाउनका लागि आवश्यक पर्ने बजेट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बजेटमध्ये उपयुक्त शीर्षकबाट व्यवस्थापन गर्ने र निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनले सञ्चालन गर्ने कार्यक्रमका लागि आवश्यक पर्ने बजेट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयसँग माग गर्ने ।

३. प्रदेश तहमा निजामती सेवा दिवसका अवसरमा विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्न प्रदेशका प्रमुख सचिवलाई र जिल्लास्तरमा आधिकारिक ट्रेड युनियन लगायतका सरोकारवालासँग समन्वय गरी विविध रचनात्मक कार्यक्रमहरु साथ दिवस मनाउन गृह मन्त्रालय मार्फत प्रमुख जिल्ला अधिकारीहरुलाई परिपत्र गर्ने ।

४. निजामती कर्मचारीको सहभागितामा सिंहदरबार परिसरमा वृहत रक्तदान तथा स्वास्थ्य परीक्षणको कार्यक्रम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने ।

५. निजामती सेवा दिवसको अवसरमा भाद्र २० गतेका दिन सिंहदरबार परिसर वा अन्य उपयुक्त स्थानमा वृक्षारोपण कार्यक्रम वन तथा वातावरण मन्त्रालयले सञ्चालन गर्ने।

६. २०७६ साल भाद्र २२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा "निजामती सेवा विशेषाङ्क" प्रकाशन गर्ने तथा भाद्र २१ गते बेलुकी गोरखापत्र संस्थान तथा नेपाल टेलिभिजनमा निजामती सेवा सम्बद्ध विषयमा छलफल कार्यक्रम सञ्चालन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

७. आधिकारिक ट्रेड युनियन लगायत सरोकारवाला अन्य संघ संस्थाहरुलाई निजामती सेवा दिवसको अवसरमा विविध रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्न अनुरोध गर्ने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२०७६
मुख्य सचिव